apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्ष: १२ ● अंक: २०४ ● पृष्ठ: ४ ● २५ साउन २०८३ सोमबार (10 August 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

## सिरहामा ट्राफिक कारबाही र राजस्व घट्यो, दुर्घटना भने बढ्यो

### एक वर्षमा १३ हजार ४१६ सवारी कारबाहीमा, १ करोड १४ लाखभन्दा बढी राजस्व; दुर्घटना १ हजार ४७६


**शुभ नारायण कामती**
**सिरहा, साउन २४ गते**

जिल्ला ट्राफिक प्रहरी कार्यालय, लहानको पछिल्ला दुई आर्थिक वर्षको तथ्यांकले सिरहामा ट्राफिक कारबाही र राजस्व संकलनमा उल्लेख्य गिरावट आएको देखाएको छ । तर, सवारी दुर्घटनाको संख्या भने बढेको छ । दुर्घटनामा मृत्यु हुनेको संख्या केही घटे पनि गम्भीर तथा सामान्य घाइतेको संख्या उल्लेख्य बढेकाले जिल्लाको सडक सुरक्षा अझै चुनौतीपूर्ण रहेको देखिन्छ ।

कार्यालयको वार्षिक प्रगति विवरणअनुसार आर्थिक वर्ष २०८२/०८३ मा १३ हजार ४१६ वटा सवारीसाधन ट्राफिक कारबाहीमा परेका छन् । ती कारबाहीबाट १ करोड १४ लाख ८ हजार ५०१ रुपैयाँ राजस्व संकलन भएको छ ।

अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा भने ३२ हजार १५१ वटा सवारीसाधन कारबाहीमा पर्दा २ करोड ५१ लाख १९ हजार ५०२ रुपैयाँ राजस्व संकलन भएको थियो ।

दुवै आर्थिक वर्षको तुलना गर्दा कारबाहीमा परेका सवारीसाधनको संख्या १८ हजार ७३५ ले घटेको छ भने राजस्व संकलन १ करोड ३७ लाख ११ हजार १ रुपैयाँले कमी आएको छ । प्रतिशतका आधारमा सवारी कारबाही करिब ५८ प्रतिशत र राजस्व संकलन करिब ५५ प्रतिशतले घटेको देखिन्छ ।




| विवरण | २०८१/०८२ | २०८२/०८३ | अन्तर/प्रतिशत |
|---|---|---|---|
| कारबाही | ३२,१५१ वटा | १३,४१६ वटा | १८,७३५ ले घटेको (-५८%) |
| राजस्व | २,५१,१९,५०२ | १,१४,०८,५०१ | १,३७,११,००१ ले घटेको (-५५%) |
| दुर्घटना | १,४०५ वटा | १,४७६ वटा | ७१ ले बढेको |
| मृत्यु | ८९ जना | ८१ जना | ८ ले घटेको |
| गम्भीर घाइते | १३ जना | २८४ जना | २७१ ले बढेको |
| सामान्य घाइते | १,२२४ जना | १,३९२ जना | १६८ ले बढेको |

कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/०८३ मा सबैभन्दा बढी ७ हजार ४० वटा मोटरसाइकल तथा स्कुटर कारबाहीमा परेका छन् । त्यसपछि २ हजार ८९८ वटा ट्रक, ट्याङ्कर तथा टिप्पर, २ हजार २५१ वटा कार, जिप तथा भ्यान, ६९० वटा ट्र्याक्टर, ३०३ वटा बस तथा मिनिबस र २३४ वटा टेम्पो तथा अटो कारबाहीमा परेका छन् ।

ट्राफिक नियम उल्लङ्घन, आवश्यक कागजात नबोक्ने, तीव्र गतिमा सवारी चलाउने, लेन अनुशासन उल्लङ्घन, हेल्मेट तथा सिटबेल्ट प्रयोग नगर्ने लगायतका कारण सवारीसाधनमाथि कारबाही गरिएको कार्यालयले जनाएको छ ।

**दुर्घटना बढ्यो, मृत्यु घट्यो**

ट्राफिक प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/०८२ मा जिल्लामा १ हजार ४०५ वटा सवारी दुर्घटना भएका थिए । ती दुर्घटनामा

बाँकी पृष्ठ ३ ▸▸

## अझै २८ जिल्लामा कांग्रेसको क्रियाशील सदस्यता विवाद



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २४ गते**

नेपाली कांग्रेसभित्रको आन्तरिक विवादको मुख्य जड मानिने क्रियाशील सदस्यताको विवाद अझै २८ जिल्लामा कायमै रहेको पाइएको छ ।

आइतबार महामन्त्री तथा सदस्यता व्यवस्थापन समितिका संयोजक प्रदीप पौडेलले केन्द्रीय कार्यसमिति बैठकमा प्रस्तुत गरेको पछिल्लो तथ्यांकअनुसार देशका विभिन्न २८ जिल्लाका ६० भन्दा बढी निर्वाचन क्षेत्र र स्थानीय तहमा सदस्यता सम्बन्धी विवाद टुंगिन बाँकी देखिएको हो । संयोजक पौडेलले सार्वजनिक गरेको सूचीअनुसार कतिपय जिल्लामा केन्द्रबाट खटिएका नेताहरूले काम गरिरहेका छन्

बाँकी पृष्ठ ४ ▸▸

## मधेश प्रदेशसभामा वर्ष दिनमा ६ विधेयक, 30 करोड खर्च




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २४ गते**

मधेश प्रदेशसभाले पछिल्लो एक वर्षको अवधिमा कानुन निर्माणको कामलाई गति दिन सकेको छैन् । प्रदेशसभा सचिवालयका अनुसार पछिल्लो एक वर्षमा प्रदेशसभाले ६ वटा कानुन मात्र निर्माण गरेको छ । त्यसमध्ये तीन वटा बजेटसित सम्बन्धित कानुन हुन् ।

प्रदेशसभाको दोस्रो कार्यकालमा प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश बाल अधिकार ऐन पहिलो संशोधन विधेयक र तीनवटा मधेश प्रदेश विनियोजन ऐन रहेको प्रदेशसभा सचिवालयले जनाएको छ । प्रदेशसभा सचिवालयले भने गत आर्थिक वर्षमा ३० करोड ३३ लाख १३ हजार ५ सय ७९ रुपैयाँ खर्च गरेको प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ ।

खेलकुद तथा समाजकल्याण मन्त्रालयको दुईवटा विधेयक प्रदेश खेलकुद विकास र बालिका संरक्षण विधेयक प्रमाणिकरण भएर लागु भइसकेको मन्त्रालयका प्रवक्ता धर्वेन्द्र कर्णले बताए । 'मधेश प्रदेशमा खेलकुद विकास समिति गठन भएर कार्यान्वयनमा आइसकेको छ,' उनले भने,'बालिका संरक्षणको क्षेत्रमा

बाँकी पृष्ठ ४ ▸▸

## ट्रमा सेन्टर सार्ने प्रयासको विरुद्ध ढल्केवरमा राँके जुलुस

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन २४ गते**

धनुषाको ढल्केवरमा प्रस्तावित ट्रमा सेन्टर अन्यत्र सार्ने प्रयास भएको भन्दै स्थानीयले राँके जुलुस निकालेका छन् । ढल्केवरमै ट्रमा सेन्टर निर्माण हुनुपर्ने मागसहित जारी आन्दोलनअन्तर्गत आइतबार साँझ स्थानीय सडकमा राँका बोकेर निस्किएका हुन् ।

गत मंगलबार प्रतिनिधिसभा बैठकमा स्वास्थ्यमन्त्री निशा मेहताले मधेश प्रदेशको लहानमा ट्रमा सेन्टर बन्ने बताएपछि ट्रमा सेन्टर ढल्केवरमै निर्माण गर्नुपर्ने मागसहित स्थानीयहरूले आन्दोलन चर्काएका छन् । 'एक प्रदेश, एक ट्रमा सेन्टर'को अवधारणा बोकेको सरकारकै मन्त्रीले मधेश प्रदेशको लहानमा ट्रमा सेन्टर बन्ने अभिव्यक्ति दिएपछि स्थानीयहरू सशंकित भएका हुन् ।



ढल्केवरमा निर्माणका लागि अघि बढाइएको ट्रमा सेन्टर अन्यत्र सार्न खोजिएको भन्दै केही दिनदेखि जनप्रतिनिधिसहित स्थानीय आन्दोलित छन् । आन्दोलनमा स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दलका नेता-कार्यकर्ता, उद्योगी-व्यवसायी तथा नागरिक समाजको समेत सहभागिता हुँदै आएको छ ।

आइतबार राँके जुलुसमा पनि स्थानीयले ट्रमा सेन्टर ढल्केवरबाट सार्न नहुने भन्दै सरकारविरुद्ध चर्को नाराबाजी गरेका थिए । उनीहरूले वर्षौंदेखि पहल र संघर्षपछि ढल्केवरमा ल्याइएको योजनालाई राजनीतिक पहुँच र स्वार्थका आधारमा अन्यत्र सार्न खोजिएको आरोप लगाएका छन् ।

यसअघि शनिबार भएको विरोध र्‍यालीमा मेयरदेखि सांसदसम्म सडकमा उत्रिएका थिए । ढल्केवरको विकाससँग जोडिएको महत्वपूर्ण स्वास्थ्य पूर्वाधार अन्यत्र सार्ने प्रयास स्वीकार्य नहुने भन्दै उनीहरूले

बाँकी पृष्ठ २ ▸▸

## सप्तकोशी नजिक सर्दा चिलिया टापुवासीलाई परेको पीर

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २४ गते**

'हामी यहाँ बसाइँ सरी आएको समयमा कोशी नदी धेरै टाढा बग्थ्यो । अहिले त बस्तीमै आइपुगेको छ,' सुनसरीको बराहक्षेत्र नगरपालिका-६ स्थित श्रीलङ्का टापुका पदम राई सुनाउँछन् ।

२०७४ देखि सपरिवार बसोबास गर्दै आएका राईले एक बिघा जमिनमा धान र मकैखेती गरेका छन् । केही गाईभैंसी पनि पालेका छन् ।

खेतबारीमा दस नंग्रा खियाउँदा पनि अहिलेसम्म जीन्दगी सहज नबनेको भन्दा बर्सेनि आफूतिर सरिरहेको सप्तकोशीले बढी चिन्तित छन् ।

'हरेक वर्ष कटान बढ्दै गएको छ । अहिले हामी सबै मिलेर श्रमदान गर्दै बालुवा र सिमेन्टका बोरा भरेर किनार जोगाउने प्रयास गरिरहेका छौं । तर ठूलो बाढी आयो भने यो प्रयासले मात्रै धान्न सक्दैन । यसले केही समयका

बाँकी पृष्ठ ३ ▸▸






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# सम्पादकीय...

## ट्रमा सेन्टर निर्माणमा राजनीति बन्द गर

मधेश प्रदेशमा ट्रमा सेन्टर निर्माणको विषय फेरि चर्चामा आएको छ। धनुषाको ढल्केवरमा प्रस्तावित ट्रमा सेन्टर अन्यत्र सार्ने प्रयास भएको भन्दै स्थानीयवासी आन्दोलनमा उत्रिएका छन्। आइतबार साँझ ढल्केवरका स्थानीयले राँके जुलुस निकाल्दै प्रस्तावित ट्रमा सेन्टर ढल्केवरमै निर्माण गर्नुपर्ने माग गरेका छन्। यसअघि प्रतिनिधिसभाको बैठकमा स्वास्थ्य मन्त्री निशा मेहताले मधेश प्रदेशको ट्रमा सेन्टर लहानमा निर्माण हुने अभिव्यक्ति दिएपछि ढल्केवरवासी थप सशंकित भएका हुन्। ट्रमा सेन्टर कुनै सामान्य विकास आयोजना होइन। यो दुर्घटनामा परेका मानिसको जीवनसँग प्रत्यक्ष जोडिएको अत्यावश्यक स्वास्थ्य पूर्वाधार हो। मधेश प्रदेशमा दैनिकजसो हुने सडक दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, डुबान तथा अन्य विपद्का घटनामा गम्भीर घाइते हुनेहरूको उपचारका लागि अत्याधुनिक ट्रमा सेवा आवश्यक छ। समयमै उपचार नपाउँदा सामान्य अवस्थामा बचाउन सकिने मानिसले समेत ज्यान गुमाउने अवस्था अन्त्य गर्न ट्रमा सेन्टरको भूमिका महत्वपूर्ण हुन्छ। त्यसैले अहिलेको बहस 'ढल्केवर कि लहान ?' भन्ने विवादमा मात्र सीमित हुनु हुँदैन। सरकारको पहिलो दायित्व मधेश प्रदेशमा कहाँ ट्रमा सेन्टर आवश्यक छ, कहाँ निर्माण गर्दा बढी जनसंख्याले सहज सेवा पाउँछ र कहाँबाट दुर्घटनाका गम्भीर घाइतेलाई सबैभन्दा छिटो उपचार दिन सकिन्छ भन्ने विषयको वस्तुगत अध्ययन गर्नु हो।

ढल्केवर भौगोलिक तथा यातायातका दृष्टिले महत्वपूर्ण स्थान हो। पूर्व-पश्चिम राजमार्गको प्रमुख क्षेत्रमा पर्ने भएकाले यहाँ ट्रमा सेन्टर निर्माण भए राजमार्गमा हुने दुर्घटनाका घाइतेलाई तत्काल उपचार उपलब्ध गराउन सकिन्छ। त्यसैगरी चोहर्वा र लहान पनि पूर्व-पश्चिम राजमार्गसँग जोडिएका महत्वपूर्ण क्षेत्र हुन्। विशेषगरी लहान पूर्वी मधेशको ठूलो व्यापारिक तथा यातायात केन्द्र भएकाले पनि ट्रमा सेवाका लागि महत्वपूर्ण सम्भावित स्थान हो। यसकारण ढल्केवर, चोहर्वा र लहानमध्ये कुन स्थान सबैभन्दा उपयुक्त हुन्छ भन्ने निर्णय राजनीतिक दबाब, स्थानीय भावनात्मक आग्रह वा मन्त्रीको अभिव्यक्तिका आधारमा होइन, स्वास्थ्य विज्ञ, प्राविधिक, भूगोलविद्, यातायात विज्ञ तथा सम्बन्धित सरकारी निकायको अध्ययन र तथ्यांकका आधारमा हुनुपर्छ। स्थान छनोटको विवादले ट्रमा सेन्टर निर्माण नै अनिश्चित बन्नु हुँदैन। मधेश प्रदेशमा ट्रमा सेन्टर आवश्यक छ भन्ने कुरामा विवाद हुन सक्दैन। विवाद छ भने त्यो अधिकतम सेवा कसरी र कहाँबाट दिन सकिन्छ भन्ने विषयमा हुनुपर्छ। सरकारले 'एक प्रदेश, एक ट्रमा सेन्टर'को अवधारणा अघि सारेको हो भने त्यसलाई व्यवहारमा उतार्न पनि गम्भीर हुनुपर्छ। एउटा ट्रमा सेन्टर पर्याप्त नहुने अवस्था छ भने भविष्यमा प्रदेशका विभिन्न क्षेत्रमा ट्रमा युनिट, आकस्मिक उपचार केन्द्र र रेफरल प्रणाली विस्तार गर्ने दीर्घकालीन योजना बनाउन सकिन्छ। मुख्य कुरा एउटा ठाउँका नागरिकलाई अर्को ठाउँका नागरिकविरुद्ध उभ्याउनु होइन, सम्पूर्ण मधेशका नागरिकलाई जीवनरक्षक स्वास्थ्य सेवा उपलब्ध गराउनु हो।

सरकारले तत्काल ढल्केवर, चोहर्वा र लहानको सम्भाव्यता अध्ययन गराएर तथ्यमा आधारित निर्णय सार्वजनिक गर्नुपर्छ। निर्माणका लागि बजेट, जग्गा, जनशक्ति, उपकरण, एम्बुलेन्स तथा विशेषज्ञ चिकित्सकको व्यवस्था पनि सँगसँगै सुनिश्चित गरिनुपर्छ। ट्रमा सेन्टर भवन मात्र बनाएर हुँदैन। त्यसलाई २४ घण्टा प्रभावकारी रूपमा सञ्चालन गर्न सक्ने स्वास्थ्य प्रणाली निर्माण गर्नुपर्छ। स्थानीयवासीको आन्दोलनलाई पनि सरकारले बेवास्ता गर्नु हुँदैन। उनीहरूको माग र चासोलाई सम्मान गर्दै संवादबाट समाधान खोजिनुपर्छ। तर आन्दोलनको भावनालाई राजनीतिक स्वार्थका लागि प्रयोग गर्ने प्रवृत्तिबाट सबै पक्ष टाढा रहनुपर्छ। मधेशमा ट्रमा सेन्टरको आवश्यकता आजको मात्र होइन, वर्षौंदेखिको आवश्यकता हो। सडक सञ्जाल विस्तार हुँदै गएको, सवारी साधनको संख्या बढेको र दुर्घटनाको जोखिम उच्च रहेको अवस्थामा यसको निर्माणमा थप ढिलाइ गर्नु नागरिकको जीवनमाथि खेलबाड गर्नु सरह हुनेछ। त्यसैले अब सरकारले 'ट्रमा सेन्टर कहाँ बनाउने ?' भन्ने विवादमा समय खेर फाल्नु हुँदैन। पहिलो प्राथमिकता-ट्रमा सेन्टर बनाउने, दोस्रो प्राथमिकता-सबैभन्दा उपयुक्त स्थान छनोट गर्ने, तेस्रो प्राथमिकता-त्यसलाई अत्याधुनिक र प्रभावकारी स्वास्थ्य संस्थाका रूपमा सञ्चालन गर्ने नै हो। ढल्केवर, चोहर्वा वा लहानमध्ये जुन ठाउँ प्राविधिक र जनस्वास्थ्यका दृष्टिले सबैभन्दा उपयुक्त ठहरिन्छ, त्यहीँ निर्माण होस्। तर मधेशले अब ट्रमा सेन्टरको नाममा आश्वासन होइन, द्रुत निर्माण र प्रभावकारी सेवा खोजिरहेको छ। सरकार त्यसतर्फ गम्भीर बन्नैपर्छ।

# प्रधानमन्त्री बालेनको एक्लोपन: निकट सांसद र सारथि नै किन मौन ?



प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'को शुक्रबार २२ कात्तिकको राति ११ बजेर ५ मिनेट गएपछि पाँच लाइनको स्टाटस आयो। त्यसको अन्तिम वाक्य थियो- कहिलेकाहीँ एक्लै लड्नुपर्छ। यो पहिलो चोटि होइन।

प्रधानमन्त्री बालेनले यो वाक्यभन्दा अघि थप कुरा लेखेका छन्। लाक्षणिक स्टाटसमा उनले सुरुमै लेखेका थिए, 'केही समय लाग्छ, सही समय आउनलाई।' त्यसलाई थप व्याख्या गर्न पुग्नेगरी उनले भनेका छन्- ढिला होला, तर गलत हुँदैन। र, उनले यो पनि भनेका छन्- नआत्तिनुहोस्। सुनेको र देखेकोभन्दा वास्तविकता कहिलेकाहीँ फरक हुन सक्छ।

प्रधानमन्त्री बालेनका यी पाँच लाइनमा अभिव्यक्ति जति सटिक छन्, त्यति नै सकसका छन्। सन्दर्भ र समयले पनि त्यसको खुबै अर्थ बोकेका छन्। दिउँसो संसदमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद रमेश प्रसाईं निकै चर्को सुनिएका थिए, नागरिकले ग्यास नपाएको आक्रोशमा।

दुईतिहाइको सरकारलाई लाज लाग्नेगरी अनलाइन सेवा दिने सरकारको सेवा लिन नागरिक लाइनमा बस्नुपरेको सन्दर्भ उप्काई मात्र रहेका थिएनन्। उनले संसदमा प्रधानमन्त्री र सरकारलक्षित टिप्पणी गरेका थिए। उनले भनेका थिए, 'नो लाइन, अनलाइन' भनेर गरेको आफ्नै भाषण सम्झिँदा मलाई लाज लाग्छ।

त्यसमा थपिएका थिए यज्ञमणि न्यौपाने अनि मनिष झा। त्यति मात्र होइन, विपक्षी कित्ताका सांसद मात्र होइन, रास्वपाकै सांसदहरू सरकारको विपक्षमा उभिएका थिए। चर्को आलोचनासहित प्रधानमन्त्री बालेनलाई दबाबमा राख्ने उनीहरूको रणनीति देखिन्थ्यो। अझ, त्यसमा सभापति रवि लामिछानेनिकट सांसदहरू सरकारको तिखो आलोचनामा देखिन्थे। र, प्रधानमन्त्री बालेनकेन्द्रित आलोचनालाई बढावा दिइरहेका थिए।

दिउँसो संसदमा प्रसाईं, झा र न्यौपानेहरूको चर्को आलोचना सुनेका बालेनले राति ११ बजे सामाजिक सञ्जालबाट उनीहरूको नाम नलिएरै प्रस्टीकरण दिए। अर्थात्, आफ्नो बाध्यताबारे लाक्षणिक जवाफ दिए।

बालेनको टिप्पणीलाई कतिपयले शुक्रबारे गफ भनेर उडाए। कतिपयले सिंहदरबार प्रवेशपछि बालेनले परिस्थिति र बाध्यता, कानुनी प्रक्रिया पत्तो पाउन थालेको अर्थमा पनि विश्लेषण गरेका छन्।

तर रास्वपा सभापति रवि लामिछानेका असन्तुष्टि अचेल उनीनिकट सांसद र नेताहरूबाट बाहिरिने गरेको छ। संसददेखि सडकसम्म त्यो प्रस्टसँग देखिन्छ। भलै, लामिछाने त्यसलाई बेलामौकामा रफ्फु भरेर सरकारको बचाउमा उभिन्छन्। जसरी, शुक्रबार रास्वपाको राजनीति तरंगित भयो, त्यसलाई रफ्फु शनिबार साँझ भर्ने प्रयास गरे।

अर्थात्, लामिछाने रणनीतिक मुभमा देखिन्छन्। तर, बालेन भने अहिले एक्लै लड्न खोजेको देखिन्छ। त्यो किन पनि भने, बालेननिकट भनिएका सांसदहरू मौन देखिएका छन्। अर्थात्, लामिछानेले आफूनिकट सांसदबाट प्रधानमन्त्री बालेनको विरोध गराइरहेका छन् तर बालेननिकट सांसद चाहिँ मौन देखिएका छन्। बालेनको प्रतिरक्षामा उनीहरू देखिएका छैनन्। त्यहीकारण पनि बालेनले आफू एक्लो लडाइँमा रहेको बताएको हुनसक्ने बताइरहेका छन्।

बालेनको नजिक रहेका भनिएका सांसद केपी खनाल यतिबेला मौन देखिन्छन्। उनले सामाजिक सञ्जालको सक्रियता पनि कम गरेको देखिन्छ भने सार्वजनिक अभिव्यक्ति पनि कम छ। अझ, पछिल्ला दिनमा बालेन भर्सेस रवि लामिछानेजस्तो रास्वपाको राजनीति देखिएका बेला खनालको मौनता पनि रहस्यमय देखिन्छ।

अर्कातिर, 'बालेनको सिपाही' भनेर चुनावी अभियानमै लागेका राजुनाथ पाण्डे पनि मौन छन्। अझ, पछिल्ला दिनमा गोकर्ण कोरिडोर विस्तारमा नेपाली सेनाका अधिकृतलाई हप्कीदप्की गरेको घटनाले उल्टै विवादमा आएका छन्। पाण्डेको प्रवृत्तिप्रति सेनाले आपत्ति जनाइसकेको छ।

खनाल र पाण्डे मात्र होइन, गणेश कार्की पनि अहिले चुपचाप देखिन्छन्। हुन त, उनी संसदीय भूमिकामा सक्रिय छन् र बेलामौकामा सामाजिक सञ्जालमा देखिएका पनि छन्। तर, बालेननिकटको छवि बनाएका कार्कीले बालेनका कामको चर्चा भने गरिरहेका छैनन्। अर्थात्, प्रतिरक्षाको भाष्य निर्माणमा देखिएका छैनन्।

त्यसो त सांसद मात्र होइनन्, प्रधानमन्त्री बालेनको सचिवालय र निकटहरू पनि विभाजित देखिएका छन्। बालेनका खास विश्वासपात्र भनिएका भूपदेव शाह यतिबेला किचन क्याबेटको छेउछाउमै छैनन्। शाहसँगै उनको टिम टाढिएको छ र बालेनको प्रतिरक्षामा उभिन सक्ने अवस्थामा देखिएको छैन। शाहलाई महामन्त्रीमा रोक्ने प्रयासमा सचिवालयकै अन्य नेताहरू सक्रिय भएपछि बालेन र भूपदेवको दूरी बढेको हो।

सांसदहरू आशिका तामाङ, बब्लु गुप्ता, विदुषी राणाहरू पनि अहिले मौन देखिएका छन्। खासमा बालेनलाई विगतमा विवेकशील साझाका नेताहरूले खुबै साथ दिएको देखिन्थ्यो। विवेकशील साझाका भूपदेवसहितको ठूलो टिम शाहको पक्षमा लागेका थिए। अहिले विवेकशील साझाको पृष्ठभूमिबाट आएका रञ्जु दर्शना, पुकार बमसहितका धेरै नेताहरू पनि बालेनको विषयमा बोलिरहेका छैनन्।

बालेनसँग संसदमा कम्तीमा ४० जना सांसद रहेको रास्वपा नेताहरू बताउँछन्। उनीहरूले पार्टीभित्रै माहौल बनाउन नसकिरहेको पनि रास्वपाकै नेताहरू बताउँछन्।

नेपालको चर्चित सामाजिक सञ्जालको पेज 'रुटिन अफ नेपाल बन्द'का सञ्चालक भिक्टर पौडेलले सबैभन्दा धेरै प्रचार बालेनको गरेका थिए। उनको विवाहमा बालेनले उनलाई चुम्बन गरेको तस्वीर अहिले पनि चर्चामा आउँछ। रुटिन अफ नेपाल बन्दमा जोडिएकाहरू नै बालेन क्याबिनेटका विभिन्न सचिवायलमा छन्। तर, यो टिमले पनि सक्रिय प्रतिरक्षा नगरेको टिप्पणी भइरहेको छ।

हुन त, पौडेलले केही समयअगाडि आफू बालेननिकट नभएको दाबी गरेका थिए।

## ट्रमा सेन्टर सार्ने प्रयासको विरुद्ध ढल्केवरमा ..............

सरकारलाई निर्णय सच्याउन दबाब दिँदै आएका छन्।

हाल मिथिला नगरपालिका-७, साविकको ढल्केवर गाविस वडा नं. २'क' को कित्ता नं. १६९ को चार बिघा क्षेत्रफल रहेको ऐलानी जग्गालाई आधार मानेर संघीय सरकारले आर्थिक वर्ष २०७८/०७९ को बजेटमा धनुषाको ढल्केवरमा ट्रमा सेन्टर निर्माण गर्ने शीर्षकमा पहिलो पटक रकम विनियोजन गरेको थियो। उक्त योजनाका लागि जग्गा प्राप्तिको प्रक्रिया पनि पूरा भइसकेर लालपुर्जा बनिसकेको मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले बताए। शिलान्यासको संघारमा रहेको उक्त योजना स्वास्थ्य मन्त्रीको अभिव्यक्तिले अन्योलमा परेकाले बाध्य भएर आन्दोलनमा उत्रिनु परेको उनको भनाइ छ।

आन्दोलनरत स्थानीयले ट्रमा सेन्टर ढल्केवरवासीको भावना र आवश्यकतासँग जोडिएको विषय भएकाले यसलाई अन्यत्र सार्ने कुनै पनि प्रयासको प्रतिरोध गर्ने चेतावनी दिएका छन्। उनीहरूले माग सम्बोधन नभए आन्दोलन थप सशक्त बनाउने बताएका छन्। सडकदेखि सदनसम्म पुगेको ट्रमा सेन्टरको यो विवाद अब सरकारका लागि समेत गम्भीर दबाबको विषय बन्दै गएको छ।

○ ग्राहक बन्नु परेमा।
○ नवीकरण गर्नु परेमा।
○ ठेगाना परिवर्तन भएमा।
○ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

## आजको राशिफल

**मेष** : आज पराक्रम र उत्साह बढ्नेछ। रोकिएका अधुरा कामहरू साथीभाइ र आफन्तको सहयोगमा सम्पादन हुनेछन्।

**बृष** : आज वाणीमा मधुरता र व्यवहारमा नम्रता कायम राख्नुहोला। रोकिएको धन फिर्ता आउने सम्भावना छ।

**मिथुन** : चन्द्रमा तपाईंकै राशिमा रहेकाले आज मनमा उत्साह र नयाँ ऊर्जा सञ्चार हुनेछ।

**कर्कट** : आजको दिन खर्च अलि बढ्न सक्छ, त्यसैले बजेट नियन्त्रणमा राख्नुहोला।

**सिंह** : आजको दिन निकै लाभदायक रहनेछ। आम्दानीका नयाँ स्रोतहरू फेला पर्न सक्छन्।

**कन्या** : कर्मक्षेत्रमा सफलता मिल्ने दिन छ। नयाँ जिम्मेवारी वा पदोन्नतिको अवसर आउन सक्छ।

**तुला** : आज भाग्यले साथ दिनेछ। धार्मिक तथा आध्यात्मिक कार्यहरूमा मन जानेछ।

**वृश्चिक** : आज स्वास्थ्य र खानपानमा विशेष सावधानी अपनाउनुहोला। सोचेको काममा केही ढिलासुस्ती वा बाधा आउन सक्छ।

**धनु** : साझेदारी र व्यापार(व्यवसायमा राम्रो लाभ मिल्नेछ। जीवनसाथी वा प्रेम सम्बन्धमा मधुरता आउनेछ।

**मकर** : शत्रु र प्रतिस्पर्धीहरू परास्त हुनेछन्। मुद्दा-मामिला वा विवादहरूमा तपाईंको जित हुनेछ।

**कुम्भ** : आज बुद्धि र विवेकको सही प्रयोग गर्नाले सफलता मिल्नेछ। अध्ययन-अध्यापन र रचनात्मक काममा रुचि बढ्नेछ।

**मीन** : आज घर-परिवार र व्यावहारिक काममा बढी समय बित्नेछ। मनमा केही अशान्ति वा द्विविधा हुन सक्छ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**


ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# मधेशमा मन्त्रालय र निकाय पुनरावलोकन गर्दै सरकार

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २४ गते**

मधेश प्रदेश सरकारले मन्त्रालयसहित मातहतका निकायको पुनरावलोकन तथा सुदृढीकरण थालेको छ । संगठन पुनर्संरचना, दरबन्दी कटौती, सार्वजनिक निकायको पुनरावलोकन, बजेट व्यवस्थापन, कर्मचारीको क्षमता विकास तथा वित्तीय अनुशासन कायम गर्न सरकारले गृहकार्य गरिरहेको छ।

सरकारले मुख्यमन्त्रीसहित १२ वटा मन्त्रालयलाई घटाएर ९ वटा कायम गर्ने तथा विभिन्न निकायको पुनरावलोकन गर्ने काम अघि बढाएको छ।



त्यसअनुसार गाभिनेबाहेकका पाँचवटा मन्त्रालयको प्रशासनिक खर्च नियन्त्रण र उपलब्ध जनशक्तिको अधिकतम उपयोग गर्ने उद्देश्यले कम्तीमा १५ प्रतिशत दरबन्दी कटौती गर्ने नीति लिइएको छ।

यससँगै मातहतका निकाय तथा आयोगको पुनरावलोकन गरी गाभ्ने वा खारेज गर्ने कार्यका लागि कार्यदल बनाएर काम भइरहेको छ।

गाभिनेबाहेकका मन्त्रालयको संगठन तथा व्यवस्थापन (ओ एन्ड एम) सर्वेक्षण पुनरावलोकनको प्रतिवेदन अर्थ मन्त्रालयले पेस गरेको छ।

त्यस क्रममा अर्थ मन्त्रालयले करिब ३२ प्रतिशत दरबन्दी कटौती गरेको अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए । उक्त ओ एन्ड एम सर्वेक्षण पुनरावलोकनसम्बन्धी प्रतिवेदन केही दिनअघि बसेको मन्त्रिपरिषद् बैठकमा पेस भई निर्णयसमेत भएको उनले बताए।

ओ एन्ड एम सर्वेक्षण पुनरावलोकनका लागि मन्त्रिपरिषद् बैठकबाट अर्थ मन्त्रालयसहित ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयले सैद्धान्तिक सहमति लिएका थिए।

तर, अर्थ मन्त्रालयबाहेक अन्य मन्त्रालयको ओ एन्ड एम सर्वेक्षण पुनरावलोकनको प्रक्रिया भने अझै जारी रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी उपसचिव रोहित कोइरालाले जानकारी दिए।

उनका अनुसार मधेश सरकारका निकायको पुनरावलोकनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेलको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिवहरू सम्मिलित कार्यदल गठन गरिएको थियो।

उक्त कार्यदलले प्रदेश सरकार अन्तर्गत रहेका सार्वजनिक निकाय, समिति, बोर्ड, प्रतिष्ठान तथा अन्य संस्थागत संरचनाको समेत समग्र पुनरावलोकन गरिरहेको छ।

समान प्रकृतिका काम गर्ने निकायबीचको दोहोरोपन पहिचान गरी आवश्यक निकायलाई सुदृढ गर्ने तथा आवश्यकता नरहेका वा समान प्रकृतिका निकायलाई एकीकरण, पुनर्संरचना वा खारेजी गर्न आधार तयार गर्ने सरकारको उद्देश्य छ।

मधेश सरकारका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकनसम्बन्धी उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले असार १८ गते मुख्यमन्त्रीलाई ९ वटा मन्त्रालय कायम गर्न सिफारिस गरेको थियो।

उक्त सिफारिसअनुसार सरकारले ९ वटा मात्र मन्त्रालय कायम गर्ने गृहकार्य गरिरहेको छ।

अबको केही दिनमा मन्त्रिपरिषद् पुनर्गठन गरी मन्त्रालयको संख्या ९ कायम गर्ने तयारी सरकारको छ।

# समावेशीता नारामा मात्र नभई राज्यका नीति र स्रोतमा देखिनुपर्ने उपराष्ट्रपति यादवको जोड

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन २४ गते**

उपराष्ट्रपति रामसहायप्रसाद यादवले समावेशीता केवल नारामा सीमित नभई राज्यका नीति, योजना, स्रोत र साधनमा समान पहुँचका रूपमा व्यवहारमै देखिनुपर्ने बताएका छन्।



उनले आदिवासी जनजातिसहित उपेक्षित, उत्पीडित तथा सीमान्तकृत समुदायको अधिकार र प्रतिनिधित्वलाई अझ प्रभावकारी रूपमा सुनिश्चित गर्नुपर्नेमा जोड दिए।

आइतवार काठमाडौंको टुँडिखेलमा ३२ औं विश्व आदिवासी दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उपराष्ट्रपति यादवले शिक्षा, रोजगारी तथा राज्य सञ्चालन र निर्णय प्रक्रियाका हरेक तहमा आदिवासी जनजातिसहित सबै समुदायको समानुपातिक प्रतिनिधित्वलाई थप सुदृढ गर्दै लैजानुपर्ने बताए।

उनले भने, 'समावेशीता केवल नारामा सीमित नरही राज्यका नीति, योजना, स्रोत र साधनमा समान पहुँचको देखिनुपर्छ। शिक्षा, रोजगारी तथा निर्णय प्रक्रियाका हरेक तहमा आदिवासी जनजाति लगायत सम्पूर्ण उपेक्षित, उत्पीडित र सीमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्वलाई अझ सुदृढ गर्दै लैजानुपर्छ।'

उपराष्ट्रपति यादवले आदिवासी जनजाति समुदायको भाषा, संस्कृति, परम्परा र मौलिक पहिचानको संरक्षणमा नयाँ पुस्ताको भूमिका महत्वपूर्ण रहेको बताए।

युवा पुस्तालाई आफ्नै परम्परा र संस्कृतिप्रति जिम्मेवार बनाउन आदिवासी जनजाति महासंघलगायत सम्बन्धित संस्थाले थप अग्रसरता लिनुपर्ने उनको भनाइ छ।

नेपालको संविधानले आदिवासी जनजातिसहित सम्पूर्ण उपेक्षित, उत्पीडित र सीमान्तकृत समुदायका अधिकार सुनिश्चित गरेको उल्लेख गर्दै उपराष्ट्रपति यादवले संवैधानिक

बाँकी पृष्ठ ४ ▶▶

# सप्तकोशी नजिक सर्दा चिलिया टापुवासीलाई .............

लागि राहत त दिन्छ, तर यो स्थायी समाधान भने होइन,' राई भन्छन्।

वर्षभरिको खेतीपाती र पशुपालनबाट परिवारको गुजारा चल्ने भए पनि प्रत्येक बर्खामा बाढी तथा कटानले सबै मिहिनेत बगाइदिने चिन्ता भने उस्तै रहने गरेको उनी सुनाउँछन्।

हरेक वर्ष बर्खा सुरु भएसँगै देशभर बाढीपहिरो र डुबानका घटना दोहोरिन्छन्।

अत्यधिक वर्षाले जनधनको ठूलो क्षति पुर्याउने क्रम निरन्तर छ।

सुनसरी पनि बाढी र डुबानको उच्च जोखिम भएका ठाउँहरूमध्ये एक हो। बर्खायाममा सप्तकोशीसहित विभिन्न नदीमा आउने बाढीले बस्ती डुबानमा पार्ने, खेतीयोग्य जमिन बगाउने तथा सडक र पुलमा क्षति पुर्याउने क्रम हरेक वर्ष दोहोरिने गरेको छ।

तर सप्तकोशी नदी किनारका बस्तीका लागि बाढीमात्र होइन, नदीको तीव्र कटान पनि उत्तिकै ठूलो चुनौती बनेको छ।

विशेषगरी बराहक्षेत्र नगरपालिका-६ र ९ स्थित चिलिया टापु, श्रीलंका टापुका बासिन्दा बर्सेनि बाढी र कटानको दोहोरो त्राससँगै जीवन बिताउन बाध्य छन्।

बर्सेनि नदीले जमिन र बस्ती कटान गर्दै जोखिम बढाइरहे पनि यसको दीर्घकालीन समाधान अझै हुनसकेको छैन।

बर्खा सुरु भएसँगै सुनसरी र उदयपुरको सिमानामा पर्ने चिलिया टापु जहाँ सप्तकोशीको बहाव बढेपछि चिलिया टापु तथा उदयपुरका बासिन्दाको चिन्ता पनि बढ्ने गर्छ।

यस वर्ष पनि स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा नगर प्रहरी संयुक्त रूपमा श्रमदान गरेर अस्थायी तटबन्ध निर्माण गर्दै बस्ती जोगाउने प्रयासमा जुटेका छन्।

सप्तकोशी कटान नियन्त्रण समितिका अध्यक्ष जयकुमार माझीका अनुसार बर्सेनि बढ्दो कटानले चिलिया र श्रीलंका टापुको बस्ती उच्च जोखिममा पर्दै गएको छ।

कटान नियन्त्रणका लागि यसअघि निर्माण गरिएका करिब १८ स्परमध्ये नौवटा पूर्ण रूपमा क्षतिग्रस्त भइसकेका छन् भने बाँकी स्पर नदीको कटानमा पर्दै गएको उनले बताए।

'अहिले स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा बराहक्षेत्र

बाँकी पृष्ठ ४ ▶▶




# सिरहामा ट्राफिक कारबाही र राजस्व घट्यो, दुर्घटना ................

८९ जनाको मृत्यु, १३ जना गम्भीर घाइते, १ हजार २२४ जना सामान्य घाइते भएका थिए भने ७ वटा चौपायाको मृत्यु भएको थियो।

आर्थिक वर्ष २०८२/०८३ मा दुर्घटनाको संख्या बढेर १ हजार ४७६ पुगेको छ। अघिल्लो वर्षको तुलनामा ७१ वटा दुर्घटना थपिएका छन्। यद्यपि, दुर्घटनामा मृत्यु हुनेको संख्या भने ८९ बाट घटेर ८१ मा झरेको छ।

तर गम्भीर घाइतेको संख्या भने १३ बाट बढेर २८४ पुगेको छ। सामान्य घाइतेको संख्या पनि १ हजार २२४ बाट बढेर १ हजार ३९२ पुगेको छ। यस अवधिमा ७ वटा चौपायाको मृत्यु हुनुका साथै एक वटा चौपाया घाइते भएको तथ्यांकमा उल्लेख छ।

मृत्यु हुनेको संख्या केही घटे पनि दुर्घटनाको कुल संख्या र घाइतेको संख्या बढ्नुले जिल्लाको सडक सुरक्षा अवस्था अझै गम्भीर चुनौतीका रूपमा रहेको संकेत गरेको छ।

**सचेतनामूलक अभियानलाई निरन्तरता**

जिल्ला ट्राफिक प्रहरी कार्यालयले ट्राफिक कारबाहीसँगै सडक सुरक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई पनि निरन्तरता दिएको जनाएको छ।

आर्थिक वर्षभर विद्यालय तथा क्याम्पसमा ट्राफिक शिक्षा, चालक-सहचालक अभिमुखीकरण, पैदलयात्री सचेतना, ट्राफिक सप्ताह, समुदायस्तरीय अन्तरक्रिया, पर्चा-पम्प्लेट वितरण, माइकिङ तथा सडक सुरक्षा अभियान सञ्चालन गरिएको कार्यालयले जनाएको छ।

स्थानीय तह, शैक्षिक संस्था, यातायात व्यवसायी, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा अन्य सरोकारवाला निकायसँगको सहकार्यमा ट्राफिक नियम पालना र सुरक्षित सडक संस्कृतिको विकासका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको बताइएको छ।

**दुर्घटना न्यूनीकरण मुख्य चुनौती**

जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार तीव्र गति, लापरवाहीपूर्वक सवारी सञ्चालन, ट्राफिक नियमको उल्लङ्घन, जोखिमपूर्ण ओभरटेक, मादक पदार्थ सेवनपछि सवारी चलाउने प्रवृत्ति तथा सडक पूर्वाधारका केही कमजोरी दुर्घटनाका प्रमुख कारण बनेका छन्।

कार्यालयले आगामी दिनमा तीव्र गति नियन्त्रण, हेल्मेट तथा सिटबेल्टको अनिवार्य प्रयोग, मादक पदार्थ सेवन गरी सवारी चलाउनेमाथि कडा निगरानी, ओभरलोड नियन्त्रण, नियमित सवारी परीक्षण तथा जनचेतनामूलक अभियानलाई थप प्रभावकारी बनाउने जनाएको छ।

ट्राफिक प्रहरीले सबै सडक प्रयोगकर्तालाई ट्राफिक नियमको पूर्ण पालना गर्न, जिम्मेवार ढंगले सवारी सञ्चालन गर्न तथा सुरक्षित सडक संस्कृतिको विकासमा सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरेको छ।

कार्यालयका अनुसार ट्राफिक व्यवस्थापनको उद्देश्य कारबाही र राजस्व संकलनमा मात्र सीमित नभई सडक दुर्घटना न्यूनीकरण, जनधनको सुरक्षा र सुरक्षित यातायात प्रणाली निर्माण गर्नु हो।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।**

अपन दैनिक
*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल*

# धनुषाको सुधार केन्द्रमा पुरुषको मृत्यु, कुटपिटबाट मृत्यु भएको परिवारको आशंका




अपन दैनिक संवाददाता
जनकपुरधाम, साउन २४ गते

धनुषाको धारापानीस्थित शुभेच्छा फाउन्डेसन तथा सुधार केन्द्रमा भर्ना गरिएका एक पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा गणेशमान चारनाथ नगरपालिका- ४ का ४० वर्षीय मोजिबुल राईन रहेका छन्।

परिवारका अनुसार मादक पदार्थ सेवनको लत लागेपछि उनलाई गत बुधबार उपचार तथा सुधारका लागि उक्त केन्द्रमा राखिएको थियो। शनिबार उनको मृत्यु भएपछि परिवारले सुधार केन्द्रभित्र कुटपिट भएको आशंका व्यक्त गरेका छन्।

मृतककी आमा बतुला खातुनले सुधार केन्द्रबाट शनिबार साँझ करिब ६ बजे राईनलाई जनकपुरस्थित प्रादेशिक अस्पतालको इमर्जेन्सी वार्डमा ल्याइएको तर परिवारलाई कुनै जानकारी नगराइएको बताइन्। उनका अनुसार राति करिब ९ बजे छिमेकी रामबाबुले अस्पतालमा रहेको शव पहिचान गरेपछि मात्रै घटनाबारे थाहा भएको हो।

खातुनले अस्पतालमा शव छोडेर केही व्यक्ति हिँडेको दृश्य सीसीटीभीमा देखिएको दाबी गरेकी छन्। सुधार केन्द्रका सञ्चालकहरूले परिवारलाई घटनाबारे जानकारी नगराएको उनको आरोप छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका डीएसपी मधुसूदन न्यौपानेका अनुसार घाइते अवस्थामा राईनलाई साँझ ६ बजे अस्पताल ल्याइए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए। प्रारम्भिक जानकारीअनुसार उनको बाटोमै मृत्यु भएको हुन सक्ने प्रहरीले जनाएको छ।

डीएसपी न्यौपानेका अनुसार मृतकको शरीरका विभिन्न भागमा निलडाम र चोटपटकका संकेत देखिएकाले कुटपिट भएको हुन सक्ने आशंका गरिएको छ। यद्यपि, मृत्युको वास्तविक कारण हालसम्म यकिन भइसकेको छैन।

घटनाबारे अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ। पोस्टमार्टम रिपोर्ट प्राप्त भएपछि मृत्युको कारण स्पष्ट हुने र त्यसपछि थप अनुसन्धान अघि बढाइने डीएसपी न्यौपानेले जानकारी दिए।

प्रहरीले घटनाको अनुसन्धानका लागि सुधार केन्द्रका संचालकसहित केही व्यक्तिलाई नियन्त्रणमा लिएको छ।




## मधेश प्रदेशसभामा वर्ष दिनमा ६ विधेयक ...............

चालु आर्थिक वर्षमा थुप्रै योजना र कार्यक्रम समेटिएको छ।'

मधेशमा प्रदेशसभाको पहिलो कार्यकालमा ६१ वटा कानुन बनेका थिए। नेकपाकी प्रदेश सांसद बेची लुङेलीले मधेश प्रदेशमा सत्ता गठबन्धन फेरिँदा कानुन निर्माण र बजेट खर्चमा असर परेको बताइन्। 'प्रदेशसभाको अधिकांश समय मुख्यमन्त्रीलाई विश्वासको मत लिँदैमा खर्चिएको छ,' सांसद लुङेलीले भनिन्, 'कानुन निर्माण, जनताको समस्या र विकास निर्माणसँग जोडिएको मुद्दामा व्यापक छलफल हुन सकेको छैन।' अर्थ मन्त्रालयका अनुसार मधेश प्रदेश सरकारले आर्थिक वर्ष ०८१/०८२ मा ७०.१६ प्रतिशत बजेट खर्च गरेको थियो भने ०८२/०८३ मा ५६.३१ प्रतिशत मात्र बजेट खर्च गरेको छ।

## अझै २८ जिल्लामा कांग्रेसको क्रियाशील सदस्यता .............

भने कतिपयमा प्राविधिक कारणले अद्यावधिक हुन सकेको छैन।

**पौडेलले प्रस्तुत गरेको तथ्याङ्क अनुसार कोशीदेखि**

सुदूरपश्चिमसम्मका २८ जिल्लामा समस्या देखिएको छ। जसमा झापा (क्षेत्र नं ३), मोरङ (१, २ र ६), सुनसरी (१, २ र ४), इलाम २, संखुवासभा र भोजपुर रहेका छन्। मधेश प्रदेशका सिरहा, सप्तरी, धनुषा, सर्लाही र पर्साका विभिन्न क्षेत्रमा पनि विवाद कायम छ।

यस्तै, बागमती प्रदेशका दोलखा, नुवाकोट, भक्तपुर तथा गण्डकीको बागलुङ र नवलपरासी (सुस्तापूर्व र पश्चिम) मा विवाद सुल्झिन बाँकी छ। लुम्बिनीका कपिलवस्तु, रुपन्देही र बाँके, कर्णालीका सुर्खेत र मुगु तथा सुदूरपश्चिमका कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, बाजुरा र बझाङ पनि समस्याग्रस्त सूचीमा परेका छन्। विवाद समाधानका लागि कांग्रेसले विभिन्न केन्द्रीय नेताहरूलाई जिम्मेवारी तोकेको छ।

भोजपुरको जिम्मेवारी महामन्त्री विश्वप्रकाश शर्मालाई दिइएको छ ।बागलुङको विवाद टुंग्याउने जिम्मा केन्द्रीय सदस्य अर्जुनप्रसाद जोशीले पाएका छन्। कञ्चनपुरमा दिलेन्द्रप्रसाद बडू र बाँकेमा प्रदीप शर्मालाई खटाइएको छ।

धनुषाको विवाद मिलाउन अजयबाबु शिवाकोटी सक्रिय छन् भने सिरहामा सुवास पोखरेललाई जिम्मेवारी दिइएको छ।

**विवादका प्रकृतिः छलफलदेखि प्राविधिक समस्यासम्म**

विवरणअनुसार केही जिल्लामा विवादको प्रकृति फरक फरक छ। मोरङमा महामन्त्री गुरुराज घिमिरेले अद्यावधिक गर्न बाँकी रहेको उल्लेख छ भने दोलखाको समस्या 'एक्सेल फाइल इन्ट्री'मा देखिएको छ। नुवाकोटमा कार्यवाहक सभापति तोक्नुपर्ने अवस्था छ भने सर्लाही र झापामा पार्टी सभापति र अन्य नेताहरूबिचको छलफलबाट मात्र टुंगो लाग्ने बताइएको छ।

सुदूरपश्चिमको कैलालीमा भने काम लगभग सकिएको सूचीमा उल्लेख छ। डडेल्धुरा र बाजुरा जस्ता हिमाली तथा पहाडी जिल्लामा अद्यावधिक कार्य बाँकी रहेकाले सदस्यताको अन्तिम टुंगो लाग्न सकेको छैन।

नेपाली कांग्रेसको आगामी महाधिवेशन र पार्टीको आन्तरिक सुदृढीकरणका लागि यो सदस्यता विवाद टुंग्याउनु चुनौतीपूर्ण देखिएको छ। संयोजक पौडेलले यी क्षेत्रका विवाद चाँडो समाधान गरी सदस्यताको अन्तिम सूची तयार पार्ने गृहकार्य भइरहेको जानकारी दिए।

## सप्तकोशी नजिक सर्दा चिलिया टापुवासीलाई ..............



नगरपालिका र उदयपुरको बेलका नगरपालिकाको समन्वयमा श्रमदान गरेर कटान रोक्ने प्रयास गरिरहेका छौं। बाँस गाड्ने, नाइलनको डोरीले बाँधेर बालुवा भरिएका बोरा राख्नेजस्ता उपाय अपनाएका छौं। तर यी अस्थायी उपायमात्र हुन्। दीर्घकालीन रूपमा बलियो तटबन्ध निर्माण र नदी व्यवस्थापनबिना समस्या समाधान हुँदैन,' माझी भन्छन्।

बेलका नगरपालिकाका प्रमुख अशोक कार्कीले चिलिया र श्रीलंका टापुमा भइरहेको कटान नियन्त्रणका लागि विभिन्न सरोकारवाला निकायसँग समन्वय गरेर अस्थायी तटबन्ध निर्माण गरिएको बताए।

कोशी बक्राहा नदी नियन्त्रण आयोजनामार्फत पहिलो चरणमा पाँच हजार ५०० थान बोरा र ७० थान डोरीजाली उपलब्ध गराइएको उनले जानकारी दिए।

सप्तकोशीले धार परिवर्तन गरेर बनाएको चिलिया टापु अहिले पनि हजारौं मानिसको आश्रयस्थल हो।

बराहक्षेत्र नगरपालिका-६ र ९ तथा उदयपुरको बेलका नगरपालिका-१, २ र ३ मा फैलिएको यस क्षेत्रमा हरेक बर्खासँगै नदीको बहाव बढ्ने गर्छ। यस वर्ष पनि चिलिया र गरैया क्षेत्रमा नदीले तीव्र कटान थालेपछि सयौं परिवार फेरि त्रासमा बाँचिरहेका छन्।

बेलका नगरका प्रमुख कार्कीका अनुसार अहिले करिब ६०० घरपरिवार प्रत्यक्ष जोखिममा छन्। बेलका-८ क्षेत्रमा गरिएको संरक्षण कार्यले केही राहत दिएको भए पनि तल्लो तटीय क्षेत्रमा नदीको कटान अझै रोकिएको छैन।

सप्तकोशीले विस्तारै धार पश्चिमतर्फ मोड्ने संकेत देखिएको छ, जहाँ बाक्लो मानव बस्ती रहेकाले जोखिम झन् बढ्दै गएको उनको भनाइ छ।

गत वर्ष कटान रोक्ने उद्देश्यले निर्माण गरिएका तारजालीयुक्त संरचनासमेत अहिले नदीको बहावमा डुब्न थालेका छन्।

स्थानीय भीम राईका अनुसार असारदेखि सुरु भएको कटान अब झन् बढ्दै जाने खतरा बढेको छ। बलौटे माटो भएकाले दैनिक रूपमा जमिन बगाइरहेको छ भने संरक्षणका लागि राखिएका ढुङ्गा र तारजालीसमेत नदीले बगाउँदै लगेको छ।

बर्खा सुरु भएपछि यहाँका बासिन्दाले बाढीभन्दा बढी कटानको त्रास भोग्दै आएका छन्।

बर्सेनि खेतीयोग्य जमिन साँघुरिँदै जानु, घर नजिकै नदी आइपुग्नु र आवश्यक पर्दा बस्ती नै छाडेर हिँड्नुपर्ने अवस्था दोहोरिँदा यहाँका नागरिकका लागि बर्खायाम प्राकृतिक मौसम नभई अस्तित्व जोगाउने संघर्ष नै बनेको छ।

बराहक्षेत्र नगरप्रमुख रमेश कार्कीका अनुसार चिलिया टापुमा भइरहेको कटान रोक्न नगरपालिकाले आफ्नो क्षमताअनुसार आवश्यक सबै स्रोतसाधन परिचालन गरेको छ।

कटान प्रभावित क्षेत्रमा जेसिभी, ट्याक्टर, बालुवा ढुवानीका साधन, जाली, बोरा, सिमेन्टलगायत आवश्यक सामग्री उपलब्ध गराएर स्थानीय र सुरक्षा निकायसँग समन्वय गरी तटबन्ध निर्माण तथा कटान नियन्त्रणको काम भइरहेको छ।

नगरप्रमुख कार्कीले भने, 'कोशीको कटान यहाँको मात्र समस्या नभई राष्ट्रिय सरोकारको विषय हो। नगरपालिकाको सीमित बजेट र स्रोत साधनले बर्सेनि दोहोरिने कटानको स्थायी समाधान सम्भव छैन। हामीले आफ्नोतर्फबाट गर्न सकिने सबै प्रयास गरिरहेका छौं, तर सप्तकोशीजस्तो शक्तिशाली नदी नियन्त्रणका लागि वैज्ञानिक अध्ययनका आधारमा दीर्घकालीन संरचना निर्माण गर्न आवश्यक छ।'

गत वर्ष निर्माण गरिएका स्परसमेत ठूलो बाढीले बगाएको छ। स्परमात्र बनाएर पुग्दैन, उपयुक्त स्थानमा ड्याम, नोच तथा अन्य नदी नियन्त्रणका संरचना निर्माण गर्न सकियो भने कटान धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ।

त्यसका लागि सङ्घीय सरकारले पर्याप्त बजेट विनियोजन गरी दीर्घकालीन योजना कार्यान्वयन गर्नु आवश्यक रहेको नगरप्रमुख कार्कीको भनाइ छ।

यदि कटान बढ्दै गएर बस्तीमा बाढी पस्यो भने ठूलो धनजनको क्षति हुनसक्छ, दीर्घकालीन समाधानका लागि सङ्घीय सरकारको सहयोग, पर्याप्त बजेट र आवश्यक परे छिमेकी मुलुकसँग कूटनीतिक पहल पनि आवश्यक रहेको उनको भनाइ छ।

'यस विषयमा मन्त्रीहरूसँग बसेर विस्तृत छलफल गर्ने इच्छा छ। पटकपटक काठमाडौं गए पनि सम्बन्धित मन्त्रीहरूसँग भेटेर समस्या राख्ने अवसर पाउन सकेको छैन,' उनले भने।

करिब ३ हजार जनसंख्या रहेको यस क्षेत्रमा अधिकांश परिवारको जीविकोपार्जन कृषि र पशुपालनमा आधारित छ।

धान, मकै, तरकारीखेती, पशुपालन तथा दुग्ध उत्पादन यहाँको ग्रामीण अर्थतन्त्रको मुख्य आधार हो।

प्रत्येक बर्खामा बाढी र कटानको जोखिमसँग जुध्दै स्थानीयले श्रमदान गरेर अस्थायी तटबन्ध र सामूहिक पहलमार्फत बस्ती र खेतीयोग्य जमिन जोगाउने प्रयास गर्दै आएका छन्।

तर यस्ता प्रयासले तत्काल केही राहत दिए पनि दीर्घकालीन समाधान दिनसकेको छैन।

## समावेशीता नारामा मात्र नभई राज्यका नीति र स्रोतमा ............

व्यवस्थाको व्यवहारिक कार्यान्वयनमा जोड दिए।

उनले संविधानले सुनिश्चित गरेका अधिकार कागजमा मात्र सीमित नराखी राज्यका नीति तथा कार्यक्रममार्फत व्यवहारमा कार्यान्वयन गर्नुपर्ने बताए। अधिकारको प्रभावकारी कार्यान्वयनले मात्रै राज्यप्रतिको विश्वास थप बलियो हुने उनको धारणा थियो।

उपराष्ट्रपति यादवले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई थप सुदृढ गर्दै अघि बढ्न सके मुलुकले हरेक क्षेत्रमा सकारात्मक फड्को मार्न सक्ने बताए। संघीयताको मर्मअनुसार राज्यका सबै तहमा समावेशी प्रतिनिधित्व र समान अवसर सुनिश्चित गर्नुपर्नेमा उनले जोड दिए।

उनले भने,'आजको सन्दर्भमा युवा पुस्तालाई आफ्नै परम्परा र संस्कृतिप्रति जिम्मेवार बनाउन महासंघले अग्रसरता लिनु आवश्यक छ। संविधानले आदिवासी जनजाति लगायत सम्पूर्ण उपेक्षित उत्पीडित र सिमान्तकृत समुदायका अधिकारलाई सुनिश्चित गरेकोले यसको व्यवहारिक कार्यान्वयन आजको आवश्यकता हो। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई थप सुदृढ गर्दै अघि बढ्न सके मुलुकले हरेक क्षेत्रमा सकारात्मक फड्को मार्न सक्छ।'

